# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, असार ३१ गते, २०८३ साल (अतिरिक्ताङ्क १७

## भाग १

## कोशी प्रदेश सरकार

## विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको ऐन नं. ५

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# प्रदेश खेलकूद (पहिलो संशोधन) अध्यादेश, २०८३ लाई प्रतिस्थापन गर्न बनेको ऐन, २०८३

**प्रस्तावना:** प्रदेश खेलकुद ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"प्रदेश खेलकूद (पहिलो संशोधन) ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश खेलकुद ऐन, २०७६ को दफा ३ मा संशोधन:** प्रदेश खेलकुद ऐन, २०७६ (यस पछि मूल ऐन भनिएको) को दफा ३ को,-

(१) उपदफा (२) को खण्ड (ख), (घ) र (ञ) को सट्टा देहायको खण्ड (ख), (घ) र (ञ) राखिएको छः-

"(ख) प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनयन गरेका एक महिला सहित दुई जना - उपाध्यक्ष

(घ) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट कम्तीमा पाँच जना महिला सहित अध्यक्षले मनोनयन गरेका फरक-फरक खेल विधाबाट प्रतिनिधित्व हुने गरी बढीमा तेह्र जना - सदस्य

(ञ) प्रदेश खेलकुद विकास बोर्डको सचिव - सदस्य सचिव"

(२) मूल ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ज) झिकिएको छ।

(३) मूल ऐनको दफा ३ को उपदफा (३) झिकिएको छ।

(४) मूल ऐनको दफा ३ को उपदफा (४) मा "नेपाली सेना" भन्ने शब्दावलीहरु पछाडि ",नेपाल प्रहरी" भन्ने शब्दावलीहरु थप गरिएको छ।

३. <u>**मूल ऐनको दफा ४ मा संशोधनः**</u> मूल ऐनको दफा ४ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

४. <u>**मूल ऐनको दफा ७ मा संशोधनः**</u> मूल ऐनको दफा ७ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।"

(२) उपदफा (४) मा रहेको "**तीनपटक**" भन्ने शब्दको सट्टा "**दुईपटक**" भन्ने शब्द राखिएको छ ।

५. <u>**मूल ऐनको दफा १० मा संशोधनः**</u> मूल ऐनको दफा १० को उपदफा (१) झिकिएको छ।

६. <u>**मूल ऐनको दफा ११ मा संशोधनः**</u> मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

"(१) यस ऐन बमोजिम अध्यक्षले चार वर्षका लागि सदस्य सचिवको नियुक्ति गर्नेछ।

तर सदस्य सचिवको नियुक्ति नभएको अवस्थामा वा कुनै कारणले सदस्य सचिवको पद रिक्त भएमा अध्यक्षको निर्णयबाट मन्त्रालयको कुनै कर्मचारीलाई प्रदेश खेलकुद विकास बोर्डको सचिवको रुपमा

मन्त्रालयले खटाउन सक्नेछ र त्यस्तो खटाइएको कर्मचारीले बोर्डको सदस्य सचिवका रुपमा प्रशासनिक तथा आर्थिक लगायतका सम्पूर्ण कार्य गर्ने गराउनेछ।"

७. <u>मूल ऐनको दफा २६ मा संशोधनः</u> मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः-

"२६. <u>सदस्यको भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्थाः</u> (१) बोर्ड वा समितिका सदस्यले बैठकमा भाग लिएबापत र स्वदेश वा विदेशमा भ्रमण गर्नु परेमा निजले पाउने दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ।

(२) बोर्ड र समितिका सदस्यको अन्य सुबिधा तोकिए बमोजिम हुनेछ।"

८. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. <u>सदस्य सचिवको पारिश्रमिक, भत्ता र अन्य सुविधाः</u> सदस्य सचिवले बोर्डमा काम गरेबापत नियुक्ति हुँदाका बखत तोकिएको मासिक पारिश्रमिक र भत्ता एवं अन्य सुविधा पाउनेछ।"

९. <u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को उपदफा (३) मा रहेको "प्रदेश सरकारले" भन्ने शब्दावलीहरूको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

प्रमाणीकरण मितिः- २०८३/०३/३१

आज्ञाले,
कृष्ण प्रसाद सापकोटा
प्रदेश सचिव



कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
**Website: moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश